# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दुहवी, सुनसरी
१ नं. प्रदेश, नेपाल

प.सं.०७९।०८० (राजश्व)
च.नं.

## शिलबन्दी बोलपत्र आह्वानको सुचना
## प्रथम पटक प्रकाशित सुचना मिति : २०७९।४।२५

यस दुहबी नगरपालिका अन्तर्गत तपसिल बमोजिमका आ.व. २०७९/०८० को लागि मिति २०८० जेष्ठ मसान्त सम्म को लागि शिलबन्दी बोलपत्र द्वारा आन्तरीक आय संकलनको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुदा इच्छुक सस्थाहरुले तपसिलका शर्तहरुका अधिनमा रही दुहबी नगरपालिका कार्यालयमा तोकिएको समय भित्र छुट्टा छुट्टै गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नु हुन प्रथम पटक यो सुचना प्रकाशित गरीएको छ ।

**तपसिल**

| रा.ठे.नं. | ठेक्का शिर्षक | उत्खनन गर्न पाउने अधिकतम परिमाण (बार्षिक) | न्युनतम ठेक्का अंक मु.अ. कर समेत वार्षिक रु. |
|---|---|---|---|
| २० | दुहवि न.पा.क्षेत्र धिकार भित्र पर्ने बुढि खोलाको (आई. ई. ई).प्रतिबेदनमा उल्लेखित क्षेत्र हरू बाट उत्खनन हुने भरौट बालुवा तथा ब्यापारिक प्रयोजनको माटो बिक्रि कर | २८,२३७ (घ.मि) | ५०,८५,०००। |

१. शिलबन्दी बोलपत्र साथ आफूले कवोल गरेको ठेक्का अंकको नेपाली नागरीक भए ५% र गैर नेपाली नागरीक भए १०%धरौटी वापत रकम दुहबी न.पा.,नगर कार्यपालिकाको कार्यालयको रा.वा.बैक ईनरुवामा रहेको धरौटी खाता नं.(१०८२५८४९९३७८००५) मा जम्मा गरेको सक्कलै बैक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तिमा ९० दिन सम्म म्याद भएको बैक जमानतको सक्कल प्रति संलग्न गर्नु पर्नेछ ।

२. शिलबन्दी बोलपत्र साथ बोलपत्रवालाले फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ. ब.०७७।०७८को करचुक्ता प्रमाणपत्र र मु. अ. कर मा दर्ता भएको प्रमाण पेश गर्नु पर्नेछ ।

३. शिलबन्दी बोलपत्र फारम दस्तुर : रु.३०००/(फिर्ता नहुने गरी) बोलपत्र फारम दुहबी न.पा.नगर कार्यपालिकाको कार्यालयको कर शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

४. शिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम मिति प्रथम पटक सुचना जारी भएको ३० औं दिन सम्म (२०७/०५/२२), शिलबन्दी बोलपत्र मिति २०७९/०५/२३ गते १२:०० बजे सम्म दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्नु पर्ने छ र शिलबन्दी बोलपत्र मिति २०७९/०५/२३गते दिनको ०३:०० बजे यस न.पा.कार्यालयमा खोलिने छ ।

५. म्याद नाघी आएको वा रीत नपुगेको टेण्डर फाराम उपर कुनै कारवाहि हुनै छैन ।

६. शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

७. कबोल गरेको अंक लाई ३(तिन) किस्तामा बिभाजन गरिने छ ।यसरी कायम भएको ३(तिन) किस्ताको पहिलो किस्ता नगद र बांकि किस्ताको हकमा मिति २०८० साल भाद्र मसान्त सम्म कायम रहेको नेपाल राष्ट्रबैक बाट प्राप्त क बर्गको बैक बाट जारी गरीएको बैक ग्यारेण्टि पेशगर्नु पर्ने छ। यदि एकमुष्ठ रुपमा सम्झौताकै बखत सम्पुर्ण रकम बुझाउन चाहेमा उक्त कबोल अंकको १० प्रतिशतले छुट दिन सकिने छ ।

८. दर्ता भएको शिलबन्दी बोलपत्रहरु तोकिएको मिति र समयमा बोलप्रत्रवाला वा निजको प्रतिनिधि को रोहवरमा दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिनेछ ।

९. नगरपालिकाले तोकि दिएको दर रेटमा फरक नपर्ने गरी ठेक्का संचालन गर्नुपर्ने छ ।

१०. अन्य जानकारीको लागि दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयको राजश्व तथा कर शाखामा कार्यालय समय भित्र टेलिफोन नम्बर ०२५-५४०३८७ मा सर्म्पक राख्न सकिने छ ।

११. बोलपत्र दर्ता गर्ने अन्तिम मिति तथा सिलबन्दी बोलपत्र खोलिने मितिमा सार्वजनिक विदा पर्न गएमा त्यसको भोली पल्ट दर्ता हुने तथा खोलिने छ ।

१२ प्रचलित कानुन बिपरित हुने कुनै काम गरेमा जुन सुकै बखत पनि ठेक्का तोडि अन्य बैकल्पिक ब्यबस्था गरिने छ। यसरी ठेक्का तोडि अन्य ब्यबस्था गर्दा पर्ने थप व्यभार वा क्षति ठेकेदार स्यंमले ब्यहोर्नु पर्ने छ ।

१३ तोकिएको स्थान बाहेक अन्य स्थान बाट कर दस्तुर उठाउन पाईने छैन।

१४ कर संकलन कार्य गर्दा कुनै ब्यबधान वा समस्या परेमा दुई पक्ष बिच आपसी छलफल गरि समाधान गरिने छ। त्यस्तो छलफलबाट सहमति हुन नसकेमा नगरपालिकाको निर्णय अन्तिम हुने छ।

१५ एक फर्मको नाममा खरिद गरेको बोलपत्र फारम अर्को फर्मको नाम बाट दालिा गर्न पाईने छैन ।

१६ यस सुचनामा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन बमोजिम हुने छ।

१७ ब्यक्तिको निजि जग्गा बाट माटो बिकि गर्दा जग्गा धनिले नै कति घन फिट माटो बिक्रि गर्ने हो यकिन गरी दुहवि न. पा.मा निबेदन दिनु पर्ने छ ।सो सम्बन्धमा कार्यपालिकाले निणर्य गरी बार्षिक रुपमा एकमुष्ठ शुल्क लिने छ । अन्यको हकमा राजस्व संकलन गर्ने कार्य न. पा.ले तोकेको ठेकेदार मार्फत गरिने छ ।